# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६६/६/१६ गते शुक्रवार देखि २०६६/६/२२ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ९० कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ४१४१ कारोबारबाट २८ करोड ७ लाख ३२ हजार रुपैयाँ बराबरका ५ लाख ४२ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा १२.१० प्रतिशतले वृद्धि भएको हो । गत साता २९१९ शेयर कारोबारबाट २५ करोड ४ लाख ३१ हजार रुपैयाँ बराबरका ३ लाख ५४ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये ‘क’ वर्गका कम्पनीहरुको मात्र १५ करोड ९ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ५३.७५ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा ३०.०७ अंकले ह्रास भई अन्तिम दिन ६०४.३७ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ६३९.४९ | ४३८.३५ | ३६६.८५ | ६५२.०७ | ८२४.१० | २६१.३० | ६०७.१८ | ६३४.४९ | ६६९.५१ | ६३४.४४ | १६३.६४ | ६०.६४ |
| दोस्रो | ६४३.५२ | ४३८.८२ | ३६६.८५ | ६५२.०७ | ८२२.५७ | २६१.३० | ६०७.०४ | ६३७.१४ | ६६८.८४ | ६३६.८७ | १६४.४१ | ६०.८६ |
| तेस्रो | ६०४.२४ | ४३८.८२ | ३६६.८५ | ६४३.८४ | ८१४.७७ | २६१.३० | ६०८.५२ | ६३८.०३ | ६६६.५४ | ६१३.१८ | १५५.८० | ५८.६८ |
| चौथो | ५९४.२४ | ४३८.८२ | ३६६.८५ | ६४६.१९ | ८२१.५७ | २६१.३० | ६०९.१३ | ६३७.४५ | ६६१.२४ | ६०७.८६ | १५३.६६ | ५८.१८ |
| पाचौं | ५८८.९६ | ४३८.८२ | ३६९.७५ | ६४६.१९ | ८२७.६९ | २६१.३० | ६०९.०७ | ६३४.१४ | ६५३.६५ | ६०४.३७ | १५२.५३ | ५७.८४ |
| परिवर्तन | -५०.५३ | ०.४७ | २.९० | -५.८८ | ३.५९ | ०.०० | १.८९ | -०.३५ | -१५.८६ | -३०.०७ | -११.११ | -२.८० |

‘क’ वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा ११.११ अंकले ह्रास भई १५२.५३ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (५ करोड २६ लाख रुपैयाँ) को आधारमा स्ट्याण्डर्ड चार्टर्ड बैंक, शेयर संख्या (१ लाख ६५ हजार कित्ता) को आधारमा नेपाल वंगलादेश वैंक र कारोबार संख्या (५४६ वटा) को आधारमा पशुपति डेभलपमेन्ट वैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ५२.६३ |
| २ | नेपाल वंगलादेश वैंक | ४७.६८ |
| ३ | किष्ट वैंक | १७.११ |
| ४ | नेपाल एसविआई बैंक | १६.९१ |
| ५ | बैंक अफ काठमाण्डू | १२.०७ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

**सूचिकरण**

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | नेपाल एक्सप्रेस फाइनान्स | हकप्रद | २४०००० कित्ता |
| २ | कुमारी वैंक | वोनस | १०७५६५४ कित्ता |
| ३ | अपि फाइनान्स | साधारण | ६००००० कित्ता |